राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २४१ २०८२ चैत २२ गते आईतवार (5 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## साइकल यात्री गम्भीर घाइते



दैनिक समाचारदाता
सिरहा, २१ चैत । सिरहामा कारले साइकल यात्रीलाई ठक्कर दिँदा एक युवक गम्भीर घाइते भएका छन् । धनगढीमाई नगरपालिका(१० आमचौकमा भएको दुर्घटनामा धनगढीमाई नगरपालिका(११ का करिब २५ वर्षीय रविन सदाय घाइते भएका हुन् ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश ३(०१(०२४ च ७५२७ नम्बरको कारले साइकलमा सवार सदायलाई ठक्कर दिएको हो ।

दुर्घटनापछि गम्भीर अवस्थामा रहेका उनलाई तत्काल स्थानीय आर.के. मेडिसिटीमा उपचारका लागि लगिएको थियो ।

तर त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगर रिफर गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानका प्रमुख सालिकराम तिमिल्सिनाले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार सदायको टाउको, हात र खुट्टामा गम्भीर चोट लागेको छ ।

कार चालक सुनसरीको इटहरी उपमहानगरपालिका(१७ का करिब २६ वर्षीय आकाश चौधरी रहेका छन् । उनलाई प्रहरीले नियन्त्रणमा राखेको छ ।

## गोरखा सहकारीमा ४ अर्बभन्दा बढी हिनामिना

दैनिक समाचारदाता
काठमाडौं, २० चैत । गोरखा बचत तथा ऋण सहकारी संस्थामा ४ अर्ब १२ करोड रुपैयाँभन्दा बढी रकम हिनामिना भएको पाइएको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार सञ्चालक तेजबहादुर तामाङ, डम्बरबहादुर (डीबी) बम्जन लगायतको संलग्नतामा उक्त रकम अपचलन गरिएको हो ।

जेनजी आन्दोलनपछि नयाँ जनादेशबाट बनेको बालेन्द्र साह नेतृत्वको सरकारले सहकारी ठगी प्रकरणमा संलग्न चार जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सहकारीका अध्यक्ष ६१ वर्षीय इमानसिंह राई, प्रमुख कार्यकारी अधिकृत (सीईओ) लालबहादुर क्षेत्री, अविनकुमार राई तथा पूर्व लेखा सदस्य कर्णबहादुर राई रहेका छन् ।



समितिका अनुसार सहकारीमा ४ अर्ब १४ करोडभन्दा बढी बचत संकलन भएको र कुल कर्जा ४ अर्ब ४६ करोडभन्दा बढी पुगेको छ । तर सञ्चालक तथा तिनका आफन्तले लिएको ठूलो परिमाणको ऋण वर्षौंसम्म नतिर्दा संस्था संकटग्रस्त बनेको हो ।

प्रतिवेदनमा उल्लेख भएअनुसार गैरसदस्य तेजबहादुर तामाङको नाममा करिब ७८ करोड रुपैयाँ कर्जा देखिएको छ भने डीबी बम्जन स्वयंको ५६ करोडभन्दा बढी ऋण बक्यौता रहेको छ । उनका परिवारका सदस्यहरूले लिएको ऋणसमेत असुल हुन सकेको छैन ।

सहकारीका वर्तमान तथा पूर्व पदाधिकारी र उनीहरूका आफन्तले कुल ऋणको ७० प्रतिशतभन्दा बढी भुक्तानी नगरेको देखिएको छ । यसले बचतकर्ताको रकम फिर्ता गर्न कठिन भएको समितिले जनाएको छ । ब्रिटिस गोर्खा ग्रुपद्वारा प्रवर्द्धित भनिएको उक्त सहकारीसँग सम्बन्धित अन्य संस्थाहरू पनि यसअघि विवादमा परेका थिए । प्रतिवेदनअनुसार डमी ऋणी खडा गरी ठूलो परिमाणमा कर्जा दुरुपयोग गरिएको छ भने कुनै पनि ऋण नियमित अवस्थामा छैन ।

३१ हजारभन्दा बढी बचतकर्ता रहेको सहकारीमा समस्या बढ्दै जाँदा बचतकर्ताको रकम जोखिममा परेको छ । प्रहरीले प्रकरणमा संलग्नमाथि थप अनुसन्धान जारी राखेको जनाएको छ ।

## गौशाला बजार अनिश्चितकालीन बन्द

दैनिक समाचारदाता
महोत्तरी, २१ चैत । महोत्तरी, गौशाला नगरपालिका-५ । वडाअध्यक्ष ओमप्रकाश गुप्ताले गौशाला बजार अनिश्चितकालीन रूपमा बन्द गरिएको घोषणा गरेका छन् ।

उनका अनुसार बजारभित्र अतिक्रमित संरचना खाली गर्ने क्रममा भेदभावपूर्ण गतिविधि भएको र स्थानीय अभियानीहरूले व्यक्तिगत संरचनामा क्षति पुऱ्याएको पाइएपछि यस्तो कदम चालिएको हो ।

वडाअध्यक्ष गुप्ताले भने, "अग्रिम सूचना उल्लंघन गर्दै व्यक्तिगत सम्पत्तिमा क्षति पुऱ्याइयो, असन्तुष्ट व्यापारी र व्यवसायीको माग सम्बोधन नभएसम्म बजार बन्द रहनेछ।"

शनिबार गौशाला नगरपालिकाको कार्यालय र युवाहरुको समूहले बजारका संरचनामा पूर्ण क्षति पुऱ्याएको उल्लेख गरिएको छ ।

## काठमाडौंमा रातभर सर्च अप्रेसन, १९५ पक्राउ




दैनिक समाचारदाता
काठमाडौं, २१ चैत । काठमाडौंमा प्रहरीले रातभर सर्च अप्रेशन चलाएको छ ।

गुण्डागर्दी, ठगी, बिचौलिया लगायतमा संलग्नहरूले प्रहरीले रातभर अप्रेशन गरेर पक्राउ गरेको हो ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका एसएसपी रमेश थापाका अनुसार रातभर काठमाडौंका विभिन्न ठाउँबाट १९५ जना पक्राउ गरेका हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, ठमेल, बुढानीलकण्ठ लगायतका क्षेत्रबाट सो संख्यामा विभिन्न मान्छेहरू पक्राउ परेको एसएसपी थापाले बताए ।

'ठमेल, विमानस्थल लगायतका क्षेत्रामा मान्छे तातातान गर्ने, पहिल्यैदेखि गुण्डागर्दीमा संलग्न, बिचौलिया लगायतका १९५ जनालाई नियन्त्रणमा लिएका छौं,' एसएसपी थापाले भने ।

उनीहरूविरुद्ध प्रहरीले थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## आजदेखि मतदाता नामावली सङ्कलन गर्ने

काठमाडौं, २१ चैत । निर्वाचन परिचयपत्र नबनाएकाले आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम आज आइतबारदेखि पुनः सञ्चालन गर्दै छ ।



आयोगको यही चैत १८ गतेको बैठकले उक्त कार्यक्रम पुनः थाल्ने निर्णय गरेको हो । राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपालीले त्यसमा निहित विवरण प्रविष्ट गरी अनलाइनबाटै नाम दर्ता गर्नसक्ने छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय आयोगको 'प्रि-इन्रोलमेन्ट' प्रणालीमार्फत अनलाइन फाराम भरी फोटो तथा औँठाछापसहितको जैविक विवरण प्रविष्ट गर्नुपर्ने छ । प्रदेश र जिल्ला निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सकिने छ । रासस

## सप्तरीमा विभिन्न मुद्दामा ५ पक्राउ

दैनिक समाचारदाता
राजविराज, २१ चैत । सप्तरी प्रहरीले चोरी, लागुऔषध र अभद्र व्यवहारसम्बन्धी विभिन्न मुद्दामा संलग्न पाँच जना प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार चोरी मुद्दामा दुई, लागुऔषध मुद्दामा दुई र अभद्र व्यवहार मुद्दामा एक जना पक्राउ परेका हुन् ।

चोरी मुद्दामा विष्णुपुर गाउँपालिका-५ का १९ वर्षीय मो. तसमिल र २९ वर्षीय अनिल यादवलाई पक्राउ गरिएको छ । राजविराज नगरपालिका-१६ बेरियास्थित एक निर्माणाधीन घरबाट जेनेरेटर चोरी गर्दै गरेको अवस्थामा स्थानीयले नियन्त्रणमा लिएर उनीहरूलाई प्रहरीको जिम्मा लगाएका थिए । घटनामा प्रयोग गरिएको १५ हर्सपावरको जेनेरेटर समेत बरामद गरिएको छ । उनीहरूविरुद्ध सप्तरी जिल्ला अदालतबाट छ दिनको म्याद थप गराई अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

यस्तै, लागुऔषध मुद्दामा छिन्नमस्ता गाउँपालिका-३ का ३१ वर्षीय सुरेन्द्रकुमार शर्मा र रुपनी गाउँपालिका-३ का १८ वर्षीय विक्रमकुमार मण्डललाई पक्राउ गरिएको छ । राजगढ गाउँपालिका-२ बनैनिया क्षेत्रमा शंकास्पद अवस्थामा चेकजाँच गर्दा उनीहरूको साथबाट डाइजापाम १० एम्पुल, फेनेरगन ९ एम्पुल, करेक्स एक बोतल, सिरिन्ज र २५ ग्राम गाँजासहित विभिन्न लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ । दुवै जनाविरुद्ध पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको छ ।

यसैगरी, अभद्र व्यवहार मुद्दामा हनुमाननगर कंकालिनी नगरपालिका-२ का २२ वर्षीय शिवनारायण दास पक्राउ परेका छन् । राजविराज-४ स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा साइकल चोरीको विषयमा होहल्ला गर्दै प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा उनलाई नियन्त्रणमा लिइएको हो । दासमाथि पनि पाँच दिनको म्याद थप गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## सम्पादकीय

# हरियो स्टिकरको भरोसा

जनकपुरधामका १२ वटा होटल तथा रेष्टुरेन्टले खाद्य स्वच्छताको मापदण्ड पूरा गर्दै स्तरीकरण प्रमाणपत्र प्राप्त गर्नु स्वागतयोग्य र सकारात्मक कदम हो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको पहलमा गरिएको यो कार्यले उपभोक्ता स्वास्थ्य सुरक्षातर्फ राज्यको ध्यान केन्द्रित भएको सन्देश दिएको छ । विशेषगरी ती संस्थाहरूलाई हरियो स्टिकर प्रदान गर्नुले उपभोक्तालाई सुरक्षित र स्वच्छ भोजन छनोट गर्न सहज बनाउने विश्वास गर्न सकिन्छ ।

नेपालजस्तो देशमा, जहाँ बाहिर खाने संस्कृतिको विस्तारसँगै खाद्यजन्य रोगहरूको जोखिम पनि बढ्दै गएको छ, त्यहाँ यस्तो स्तरीकरण प्रणाली अत्यन्तै आवश्यक छ । होटल तथा रेष्टुरेन्टहरू केवल सेवा दिने ठाउँ मात्र होइनन्, ती जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएका संवेदनशील क्षेत्र हुन् । त्यसैले भान्साको स्वच्छता, कच्चा पदार्थको गुणस्तर, पकाउने तरिका र सेवा प्रक्रियासम्मका सबै पक्षहरू मापदण्डअनुसार हुनुपर्छ ।

तर, प्रमाणपत्र वितरणमै मात्र सीमित हुनु पर्याप्त हुँदैन । यो प्रक्रिया निरन्तर अनुगमन, मूल्याङ्कन र सुधारसँग जोडिनुपर्छ । एकपटक हरियो स्टिकर पाएको भन्दै सधैंका लागि विश्वसनीय ठहरिन सकिँदैन । नियमित निरीक्षण र कडाइका साथ मापदण्ड कार्यान्वयन गरिएन भने प्रारम्भिक उपलब्धि क्षणिक बन्न सक्छ ।

यससँगै, स्तरीकरणमा नपरेका वा मापदण्ड पूरा गर्न नसकेका अन्य होटल तथा रेष्टुरेन्टहरूलाई पनि सुधारका लागि प्रोत्साहित गर्नुपर्छ । दण्डात्मक मात्र होइन, सुधारमुखी नीति अवलम्बन गर्नु आवश्यक छ । तालिम, सचेतना र प्राविधिक सहयोगमार्फत सबै व्यवसायीलाई गुणस्तर अभिवृद्धितर्फ उन्मुख गराउन सकिन्छ ।

अन्ततः, खाद्य स्वच्छता केवल सरकारी निकायको जिम्मेवारी मात्र होइन, व्यवसायी र उपभोक्ता दुवैको साझा दायित्व हो। उपभोक्ताले पनि सचेत भएर स्तरीकृत सेवा रोज्ने बानी बसाल्नुपर्छ। हरियो स्टिकरले सुरु गरेको विश्वासलाई दीगो बनाउन निरन्तरता, पारदर्शिता र कडाइ अनिवार्य छ ।

# युद्ध अपराध अब लज्जाको विषय पनि रहेन



फिलिप बोलोपियन

युद्ध अपराधका लागि जिम्मेवार नेताहरू दशकौंदेखि, कि त आफूलाई यसबारे जानकारी नभएको बहाना बनाउँथे वा यो एउटा गल्ती थियो र आफ्नो हात सफा छ भनी दाबी गर्थे। तर पश्चिम एशियामा अहिले जे परिवर्तन आएको छ, त्यो भनेको अमेरिका, इजरायल र इरानका तर्फबाट देखाइएको अहङ्कारपूर्ण तिरस्कार हो। उनीहरूले आमनागरिकको रक्षा गर्ने अन्तर्राष्ट्रिय कानुनहरूलाई बेवास्ता गरिरहेका छन्, खिल्ली उडाइरहेका छन् वा खुल्लमखुल्ला उल्लङ्घन गरिरहेका छन्। अन्तर्राष्ट्रिय समुदायले तत्काल ती मान्यताहरूप्रति आफ्नो समर्थन पुनः दाबी गरेन भने यसले ती कानुनहरूको विनाशलाई मौन स्वीकृति दिएको सरह हुनेछ।

न्युयोर्क टाइम्सलाई आफूलाई 'अन्तर्राष्ट्रिय कानुनको आवश्यकता नभएको' र आफ्नो शक्तिलाई नियन्त्रण गर्ने एक मात्र कुरा 'आफ्नै नैतिकता' भएको बताएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र 'अधिकतम घातकता' को पक्षमा 'फितलो वैधानिकता'लाई खारेज गरेका रक्षामन्त्री पीट हेगसेथले इरानविरुद्धको अमेरिका-इजरायल युद्धबाट प्रभावित नागरिकहरूको सुरक्षाप्रति सार्वजनिक रूपमा अत्यन्तै कम चासो देखाएका छन्। यो युद्ध भर्खरै दोस्रो महिनामा प्रवेश गरेको छ।

अमेरिकाले इरानको खार्ग टापुलाई 'ध्वस्त' पारेको घोषणा गरेपछि ट्रम्पले एनबीसी न्युजलाई भनेका थिए, 'हामी मनोरञ्जनका लागि मात्रै यसलाई अझै केही पटक प्रहार गर्न सक्छौं।' रक्षामन्त्री हेगसेथले इरानका शत्रुहरूलाई 'कुनै माफी वा दया' नदेखाइने घोषणा गरेका छन्।

यस वाक्यांशको अर्थ सेना आत्मसमर्पण गर्न चाहनेहरूलाई बन्दी बनाउनुको सट्टा सीधै मार्न स्वतन्त्र छ भन्ने हुन्छ। यस्ता परिदृश्यहरू अमेरिकी सैन्य प्रतिष्ठानहरूमा युद्ध अपराधको पाठ्यपुस्तक उदाहरणका रूपमा पढाउने गरिन्थ्यो।

यस मामिलामा ट्रम्प प्रशासन एक्लो छैन। गाजा युद्धको झल्को दिने डरलाग्दो भाषा प्रयोग गर्दै, इजरायली रक्षामन्त्री इजरायल काट्जले दक्षिणी लेबनानभरिका घरहरू भत्काउने र लाखौं नागरिकहरूलाई फर्किनबाट रोक्ने धम्की दिएका छन्।

इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आईआरजीसी) ले अमेरिकी बैंकहरू, लगानी कम्पनीहरू र व्यावसायिक जहाजहरूलाई उनीहरूको नागरिक (असैन्य) हैसियत हुँदाहुँदै पनि वैध निशानाको रूपमा घोषणा गरेको छ। यसका प्रवक्ताले इरानीहरूलाई चेतावनी दिएका छन् कि सडकमा हुने कुनै पनि विरोध प्रदर्शनलाई जनवरीको नरसंहारभन्दा 'अझ कडा प्रहार' का साथ जवाफ दिइनेछ, जसमा सुरक्षा बलहरूले देशभर हजारौं मानिसहरूको हत्या गरेका थिए।

एक सरकारी टेलिभिजन प्रस्तोता अझ स्पष्ट रूपमा प्रस्तुत हुँदै भनेका थिए- विदेशमा रहेका (डायस्पोरा) विरोधीहरूले यस्तो परिणाम भोग्नुपर्नेछ जसले उनीहरूका 'आमाहरूलाई शोकमा डुबाउनेछ'।

यी भनाइहरूले नागरिक जीवनप्रतिको स्पष्ट बेवास्ता झल्काउने भएकाले मात्र होइन, तर यी नेताहरूले साँच्चै त्यही गर्न खोजेको देखिन्छ । त्यसैले हाम्रो यी भनाइहरूप्रति हाम्रो ध्यानाकर्षण हुनुपर्छ ।

इरानमा २,००० भन्दा बढी, लेबनानमा १,२०० भन्दा बढी र इजरायलमा १७ जना मानिस मारिएका छन्। समग्रमा, खाडी, इजरायल र लेबनानभरिका लाखौं मानिसहरू विस्थापित भएका छन् वा आफ्नो घर छोडेर भाग्न बाध्य भएका छन्।

अमेरिकाको एउटा प्रारम्भिक सैन्य रिपोर्टका अनुसार, इरानको मिनाबमा रहेको एउटा प्राथमिक विद्यालयमा भएको घातक आक्रमणका लागि अमेरिकी सेना जिम्मेवार थियो, जसमा १७० भन्दा बढी बालबालिका र कर्मचारीहरू मारिएका थिए।

इजरायली सेनाले लेबनानका घरहरूमा सेतो फस्फोरस प्रहार गरेको छ, जसले हड्डीसम्म जलाउन सक्छ, जबकि मानव बस्ती भएका क्षेत्रहरूमा यसलाई हतियारको रूपमा प्रयोग गर्न स्पष्ट प्रतिबन्ध छ। इरानले इजरायली सहरहरूमा अन्तर्राष्ट्रिय रूपमा प्रतिबन्धित क्लस्टर युद्धसामग्री प्रहार गरेको छ र होर्मुज स्ट्रेटमा व्यावसायिक जहाजहरूमा आक्रमण गरेको छ।

सशस्त्र द्वन्द्वका क्रममा आमनागरिकको सुरक्षाका लागि बनाइएको अन्तर्राष्ट्रिय कानुनी प्रणाली रातारात धर्मराएको होइन। इजरायलले गाजामा प्यालेस्टिनी नागरिकविरुद्ध नरसंहारका कार्यहरू गर्दा, त्यहाँका अस्पतालहरू र खानेपानी प्रणालीहरू ध्वस्त पार्दा, बस्तीहरूलाई भग्नावशेषमा परिणत गर्ने अनगिन्ती हवाई आक्रमणहरू गर्दा र साढे दुई वर्षको अवधिमा हजारौं प्यालेस्टिनी नागरिकहरूको हत्या गर्दा अमेरिकाले दिएको अटल समर्थनले केही नेताहरू सधैं कानुनभन्दा माथि हुन्छन् भन्ने भावना जगाउन मद्दत गर्‍यो।

ती दोहोरो मापदण्डहरू अझै कायमै छन्, जसले अन्तर्राष्ट्रिय कानुनप्रतिको सम्मानलाई गहिरो रूपमा नष्ट गरिरहेका छन्। जब इरानले खाडीका ऊर्जा पूर्वाधारहरूमा आक्रमण गर्‍यो, केही घण्टाभित्रै सही रूपमा निन्दा भयो। तर जब इजरायलले लेबनानका बस्तीहरूमा गैरकानुनी रूपमा सेतो फस्फोरस खसाल्यो, तिनै सरकारहरू मौन बसे।

नेताहरूले समान विशिष्टता र शक्तिका साथ भन्नुपर्छ कि इरानी ऊर्जा केन्द्रहरू, लेबनानी घरहरू र खाडीका नागरिक बस्तीहरूमाथिको आक्रमण युद्धका कानुनहरूको उल्लङ्घन हो, चाहे अपराधी जोसुकै होस्। अन्यथा, नियमहरू केवल आफ्ना प्रतिद्वन्द्वीहरूलाई दण्ड दिने हतियारमात्र बन्नेछन्।

जेनेभा महासन्धिहरूले प्रत्येक देशलाई युद्धका कानुनहरूको पालना गर्न मात्र नभई विश्वव्यापी रूपमा तिनको सम्मान सुनिश्चित गर्न पनि बाध्य पार्छ, जसमा कानुन उल्लङ्घन गरेको विश्वसनीय आरोप लागेका सेनाहरूलाई हतियार दिन अस्वीकार गर्नु पनि समावेश छ।

यद्यपि यी द्वन्द्वका धेरै पक्षहरूमा युद्धरत समूहहरूलाई हतियारको आपूर्ति निरन्तर भइरहेको छ, जसको सम्भावित प्रभावको कुनै स्पष्ट समीक्षा गरिएको छैन। गैरकानुनी रूपमा नागरिकहरूमाथि बमबारी गरिरहेका सेनाहरूलाई हतियार आपूर्ति गर्ने वा आफ्नो आकाश प्रयोग गर्न दिने र सैन्य अखडाको अधिकार दिने युरोपेली सरकारहरू केवल दर्शक मात्र होइनन्।

यदि अमेरिकी र इजरायली सेनाका कार्यहरू उनीहरूका नेताहरूको गैरजिम्मेवारपूर्ण भाषणसँग मिल्दोजुल्दो छन् भने, उनीहरूलाई हतियार वा सहायता दिने देशहरू पनि युद्ध अपराधमा मतियार बन्न सक्छन्।

जसरी पूर्व युगोस्लाभियाको युद्धमा वा हालै युक्रेनमा भयो, दस्तावेजीकरण र जवाफदेहिताको प्रक्रिया द्वन्द्व चलिरहेकै बेला हुनुपर्छ, पछि होइन। आज, पश्चिम एशियाका युद्धरत पक्षहरू ठ्याक्कै त्यही कुरा रोक्न काम गरिरहेका छन्।

इरानले राष्ट्रव्यापी रूपमा इन्टरनेट बन्द गरेको छ र आक्रमणका फुटेजहरू (भिडियो) सेयर गर्ने मानिसहरूलाई जेल हालेको छ। इजरायलले प्रत्यक्ष प्रसारणमा प्रतिबन्ध लगाएको छ र पत्रकारहरूलाई हिरासतमा लिएको छ। खाडी देशहरूले अनलाइनमा तस्बिर पोस्ट गरेको आरोपमा नागरिकहरूलाई पक्राउ गरेका छन्।

अमेरिकामा, फेडरल कम्युनिकेसन्स कमिसन (एफसीसी) ले ट्रम्प प्रशासनलाई प्रतिकूल हुने गरी इरान युद्धको कभरेज गरेको भन्दै प्रसारकहरूको लाइसेन्स खारेज गर्ने धम्की दिएको छ।

विकसित गुप्तचर क्षमता भएका सरकारहरूले अहिले नै स्याटेलाइट तस्वीरहरू, सञ्चारका रेकर्डहरू र ओपन-सोर्स फुटेजहरू जस्ता युद्ध अपराधका प्रमाणहरू सुरक्षित र सार्वजनिक गर्नुपर्छ । संयुक्त राष्ट्रसङ्घका अनुसन्धान निकायहरूलाई तत्काल थप स्रोतसाधन आवश्यक छ। र, सरकारहरूले युद्ध अपराधका लागि न्यायको महत्त्वबारे स्पष्ट रूपमा बोल्नुपर्छ।

यदि यो काम गोलाबारी बन्द नहुन्जेलसम्म पर्खिने हो भने प्रमाणहरू नष्ट हुन सक्छन् र जवाफदेहिताका लागि आवश्यक राजनीतिक इच्छाशक्तिले चाँडै आफ्नो ध्यान अन्तै मोड्न सक्छ। युद्धरत पक्षहरूलाई यो कुरा थाहा छ। उनीहरू सायद यसैको भर परिरहेका छन्।

आज युद्धका कानुनहरूलाई अस्वीकार गर्ने नेताहरूलाई लाग्न सक्छ कि नियमविहीन संसारबाट उनीहरूले फाइदा पाउनेछन्, जहाँ क्रूर बलले हरेक प्रश्नको समाधान गर्छ र नागरिकमाथिको सबै क्षतिको हिसाबकिताब 'कोल्याटरल ड्यामेज' (युद्धको क्रममा हुने अपरिहार्य क्षति) भनेर मेटाइन्छ। तर एक पक्षको उल्लङ्घनले अर्को पक्षको उल्लङ्घनलाई जायज नठहराउने पारस्परिकताको सिद्धान्तलाई खारेज गरेर उनीहरूले प्रतिशोधपूर्ण आक्रमणहरूको शृङ्खलालाई बढावा दिएका छन् जसले उनीहरूकै सेना र आमनागरिकलाई पनि खतरामा पारेको छ।

युद्धको क्रूरतामा नियन्त्रण ल्याउँदै आएको विद्यमान प्रणालीको मूल्य देख्नेहरूले यसको पक्षमा उभिन आवश्यक छ। अन्यथा, एक दिन उनीहरूले संसार जलिरहँदा उनीहरू किन मौन बसे भनेर भावी पुस्तालाई जवाफ दिनुपर्नेछ ।

*(अलजजिरामा प्रकाशित ह्युमन राइट्स वाचका कार्यकारी निर्देशकको विचार)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# निद्रामा बोल्नु वा हिँड्नु रोग हो कि सामान्य अवस्था ?

एजेन्सी



तपाईंले कहिल्यै देख्नुभएको होला कि तपाईंसँगै सुतेको व्यक्ति अचानक निद्रामा केही बोल्न थाल्छ, बर्बराउन थाल्छ। यस्ता मानिसहरूलाई अंग्रेजीमा 'स्लीप टकर' भनिन्छ।

कहिलेकाहीँ यी कुराहरू यति अनौठो वा व्यक्तिगत हुन्छन्, यसले सम्बन्धमा अकारण तितोपन वा गलतफहमी पैदा गरिदिन्छन्। यसलाई मेडिकल भाषामा 'सोम्निलोकी' भनिन्छ। निद्रामा बर्बराउनुले सुन्ने व्यक्तिको मात्र निद्रा बिगार्दैन, बरु बोल्ने व्यक्तिको स्वास्थ्यको बारेमा पनि धेरै कुरा बताउँछ।

धेरैजसो अवस्थामा निद्रामा बोल्नुलाई एक सामान्य स्थिति मानिन्छ, तर यदि तपाईंको बारम्बार बोल्ने क्रम बढेको छ भने, यसलाई बेवास्ता गर्नु महँगो पर्न सक्छ। यहाँसम्म कि धेरै मानिसहरू बर्बराउनुका साथसाथै हात-खुट्टा चलाउन थाल्छन् वा चिच्याउन-कराउन थाल्छन्।

निद्रामा बोल्नुका साथै केही मानिसहरूमा हिँड्ने बानी पनि हुन्छ। बोल्नुको तुलनामा निद्रामा हिँड्नु बढी खतरनाक हुन सक्छ। आउनुहोस् जानौँ यस्तो किन हुन्छ र यसबाट बच्ने उपायहरू के हुन्।

### *निद्रामा बोल्नु*

जब हामी सुत्छौँ, तब दिमागमा एक प्रकारको सुरक्षा संयन्त्रले काम गर्छ। यसले सपनासँग जोडिएका स्नायु गतिविधिहरूलाई बोल्ने वा शरीरको चालमा बदलिनबाट रोक्छ।तर यो प्रणाली पूर्ण रूपमा 'परफेक्ट' हुँदैन। कहिलेकाहीँ केही संकेतहरू 'लिक' हुन्छन्। यही कारणले निद्रामा बर्बराउने, कराउने, प्रस्ट बोल्ने र कहिलेकाहीँ 'स्लीपवाकिङ' (निद्रामा हिँड्ने) हुन सक्छ।

विशेषज्ञहरूका अनुसार, यो धेरै शारीरिक र मानसिक कारणहरूसँग जोडिएको हुन सक्छ। तनाव, डिप्रेसन, निद्राको कमी, मदिरा सेवन र ज्वरो जस्ता स्थितिले निद्रामा बोल्ने सम्भावना बढाउन सक्छन्।

दिल्लीको सर गंगाराम अस्पतालका डाक्टर मोहसिन वली भन्छन्, 'निद्रामा बोल्नु सामान्यतया कुनै ठुलो रोगको लक्षण होइन। तर यो तनावसँग जोडिएको हुन सक्छ।'उनी भन्छन्, 'निद्रामा बोल्ने समस्या ती मानिसहरूमा देख्न सकिन्छ जो तनावमा सुत्छन् वा दिनभरिको कामलाई आवश्यकताभन्दा बढी मनमा लिन्छन्। यस्ता मानिसहरू धेरै पटक तिनै कुराहरू निद्रामा पनि बोल्न थाल्छन्।'

यसमा व्यक्ति सुत्दा-सुत्दै जे पनि बोल्न सक्छ र धेरै पटक सपनामा डर लाग्दा पनि बोल्न थाल्छ। डाक्टरहरूका अनुसार यसको कुनै छुट्टै उपचार हुँदैन, बरु यसको पछाडिको कारण बुझ्न जरुरी हुन्छ।

निद्रामा बोलिने कुराहरू अक्सर व्याकरणको हिसाबले सही हुन्छन्। हालका घटना वा अनुभवहरूसँग जोडिएका हुन सक्छन्, तर धेरै पटक अनौठो र अर्थहीन पनि लाग्छन्।

धेरैजसो अवस्थामा निद्रामा बोल्नु कुनै रोग होइन। यद्यपि तनाव, मानसिक दबाब वा मनोवैज्ञानिक समस्याहरूले यसको सम्भावनालाई बढाउन सक्छन्।

मेट्रो ग्रुप अफ हस्पिटल्सकी सिनियर कन्सल्टेन्ट न्युरोलोजिस्ट डा. सोनिया लाल गुप्ता बताउँछिन्, 'राति निद्रामा बोल्नु एक सामान्य समस्या हो, जुन विशेषगरी बच्चाहरूमा बढी देखिन्छ। यो समस्या बढ्दै गयो भने चिन्ताको विषय हो।'

### *निद्रामा हिँड्नु*

निद्रामा हिँड्नु खतरनाक हुन सक्छ। अमेरिकाको लुइसियाना राज्यमा बस्ने एक बालिका पेटन १४ सेप्टेम्बर २०२४ को राति निद्रामा आफ्नो घरबाट बाहिर निस्किन् र हिँड्दा-हिँड्दै जंगलको बिचमा पुगिन्।

बालिका हराएपछि परिवारका सदस्यले प्रहरीलाई खबर गरे, र त्यसपछि बालिकाको खोजी सुरु भयो। जब बालिका वरपर कतै भेटिइनन् तब यसका लागि ड्रोन क्यामेराको मद्दत लिइयो।

डाक्टर मोहसिन वली पनि मान्छन् कि निद्रामा बोल्नु सामान्यतया रोग होइन, तर निद्रामा हिँड्दा दुर्घटनाको खतरा हुन सक्छ।

उनी भन्छन्, 'यसमा व्यक्ति साँच्चै उठेर हिँड्न थाल्छ र उसलाई यसबारे थाहा पनि हुँदैन। यस्तो अवस्थामा लड्ने वा कुनै चिजसँग ठोक्किने खतरा रहन्छ। यदि कोही छतमा सुतिरहेको छ भने लड्ने डर पनि हुन सक्छ।'

डाक्टर वली आफ्नो विद्यार्थी जीवनको एउटा अनुभव पनि सुनाउँछन्। उनका अनुसार सन् १९६८ मा हाई स्कुलमा विज्ञानको परीक्षाअघि उनी निकै तनावमा थिए र राति सुतेपछि बिहान चार बजेतिर उठेर हिँड्न थालेका थिए। त्यसबेला उनका बुबाले उनलाई रोकेका थिए।

विशेषज्ञहरूका अनुसार रातको निद्रा धेरै चरणहरूमा पूरा हुन्छ। जब हामी सुत्ने कोसिस गर्छौं, तब सबैभन्दा पहिले हल्का निद्रा लाग्छ। करिब २० मिनेटपछि यो निद्रा बिस्तारै गहिरो हुन थाल्छ।

यसपछि निद्रा फेरि केही समयका लागि हल्का हुन्छ र त्यसपछि मानिस धेरै गहिरो निद्रामा जान्छ, जसलाई र्‍यापिड आई मुभमेन्ट (आरईएम) भनिन्छ।

निद्राका यी सबै चरणहरू रातभरि धेरै पटक दोहोरिन्छन्। हरेक चक्रसँगै 'आरईएम' अर्थात् धेरै गहिरो निद्राको अवधि बढ्दै जान्छ र यो क्रम बिहान निद्रा नखुलेसम्म चलिरहन्छ।

आरईएम निद्राकै दौरान हामी सबैभन्दा बढी सपना देख्छौँ। यस अवस्थामा शरीर लगभग पूर्ण रूपमा शिथिल रहन्छ, ताकि सपनामा चलिरहेका गतिविधिहरू अनुसार शरीरले वास्तवमै चाल वा हरकत नदेखाओस्।

यद्यपि निद्रामा हिँड्ने समस्या तब हुन्छ जब दिमाग र शरीरबिचको सन्तुलन बिग्रन्छ। यो एक प्रकारको भ्रमको स्थिति हो, जसमा दिमाग यति सक्रिय हुन्छ कि यसले शरीरलाई हिँडडुल गर्न संकेत दिन्छ, तर यति सक्रिय हुँदैन कि व्यक्ति पूर्ण रूपमा ब्युँझन सकोस्।

इटालीको मिलानस्थित निगुआर्डा अस्पतालमा भएको एक अध्ययनमा निद्रामा हिँड्ने मानिसहरूको दिमागको गतिविधिको अध्ययन गरियो। अनुसन्धानमा के पाइयो भने यस्ता मानिसहरूको दिमागका केही भागहरू त्यस समय सक्रिय रहन्छन्, जबकि बाँकी भागहरू निद्राको अवस्थामा हुन्छन्।यो अध्ययनले यस कुरालाई औँल्याउँछ कि निद्रामा हिँड्ने समस्या निद्रा र ब्युँझिएको अवस्थाबिच उत्पन्न भएको असन्तुलनको परिणाम हो।

### *कहिले गर्ने चिन्ता ?*

डाक्टर सोनिया लाल गुप्ताका अनुसार, निद्रामा बोल्ने स्थितिमा धेरै चिन्ता लिनु आवश्यक हुँदैन। उनी भन्छिन्, 'निद्रामा बोल्ने वा बर्बराउने मानिसहरूलाई अक्सर बिहान यो याद हुँदैन कि उनीहरूले राति के भनेका थिए। धेरैजसो अवस्थामा, विशेषगरी बच्चाहरूमा, उपचारको आवश्यकता हुँदैन किनकि उमेर बढ्दै जाँदा यो समस्या आफैँ निको हुन्छ।'

डाक्टर गुप्ताका अनुसार वयस्कहरूमा यो हेर्नु जरुरी हुन्छ कि निद्रामा बोल्नुको कारण के हो र के यसले निद्राको गुणस्तरमा असर गरिरहेको छ कि छैन।

यदि कुनै व्यक्तिलाई बारम्बार निद्रामा बोल्ने, चिच्याउने वा हिंसक हर्कत गर्ने समस्या छ र यसले उसको निद्रा डिस्टर्ब (बाधित) भइरहेको छ भने, यसको कारणको जाँच गर्नु जरुरी रहेको उनी बताउँछिन्।

डाक्टर वलीका अनुसार आजकल समाजमा धेरै मानिसहरू निद्राको कमीसँग जुधिरहेका छन्। केही मानिसहरूमा 'अब्स्ट्रक्टिभ स्लीप एपनिया' पनि पाइन्छ, जसमा निद्राको समयमा दिमागसम्म अक्सिजन राम्रोसँग पुग्दैन र यसले दिमाग तनावमा जान्छ।

उनी भन्छन्, 'निद्रामा हिँड्ने वा निद्रामा बोल्ने समस्या तनाव, निद्राको कमी, चिन्ता वा कुनै रोग लागेपछि पनि हुन सक्छ।'

### *उपचार*

सुत्ने समय-तालिका नियमित नहुँदा वा कहिलेकाहीँ तनावको कारणले पनि तपाईं यसको सिकार हुन सक्नुहुन्छ। डाक्टरहरू सल्लाह दिन्छन् कि यी कुराहरूलाई ठीक गर्नाले तपाईं यस समस्यालाई हटाउन सक्नुहुन्छ।

डाक्टर सोनिया लाल गुप्ता निद्राको गुणस्तर सुधार गर्ने सन्दर्भमा भन्छिन्, 'सुत्ने र उठ्ने समय निश्चित हुनुपर्छ। दिउँसो तीन बजेपछि क्याफिन ( कफी/चिया) सेवन गर्नु हुँदैन र सुत्नुअघि मोबाइल फोनको प्रयोगबाट बच्नुपर्छ।'उनले भनिन्, 'यदि कुनै व्यक्ति धेरै तनावका साथ सुत्न जान्छ र यही समस्या बढिरहेको छ भने, डाक्टरलाई देखाउनु जरुरी छ।'

डा. गुप्ताका अनुसार यदि निद्राको समयमा कुनै व्यक्तिले हिंसक हर्कत गर्छ, जस्तै सुत्ने बेला पार्टनरलाई लात हान्ने, त यो कुनै न्युरोलोजिकल (स्नायुसम्बन्धी) समस्याको संकेत हुन सक्छ।

उनले भनिन्, 'बच्चाहरूमा निद्रासँग जोडिएका यस्ता गुनासोहरू बढी यसकारण हुन्छन् किनभने उनीहरूको दिमाग अझै विकसित भइरहेको हुन्छ। यद्यपि, यदि बच्चा दिउँसो बढी सुत्छ वा स्कुलमा उसलाई बारम्बार निद्रा लाग्छ भने, यो चिन्ताको विषय हुन सक्छ र यसको जाँच गराउनुपर्छ।'डाक्टर वलीका अनुसार यसको कुनै सोझो उपचार छैन। यस्ता मामिलाहरूमा परामर्श उपयोगी हुन सक्छ, जुन सामान्यतया मनोवैज्ञानिकहरूले गर्छन्। यसबाहेक पर्याप्त निद्रा लिनु पनि जरुरी छ। रातिको समयमा शरीरमा मेलाटोनिन बन्छ। यदि आवश्यक परेमा डाक्टरको सल्लाहमा मेलाटोनिन दिन पनि सकिने उनको भनाइ छ। सामान्यतया यी अवस्थाहरूमा स्मरणशक्तिमा कुनै असर पर्दैन।

*(बीबीसीका लागि कलेक्टिभ न्युजरुमको तर्फबाट प्रकाशित)*

# इरान- इजरायल युद्ध चर्किँदै, अमेरिका प्रभावित

काठमाडौँ २१ चैत। अमेरिका र इजरायलले फेब्रुअरी २८ देखि इरानमाथि संयुक्त रूपमा ठूला सैन्य आक्रमण सुरु गरेपछि पश्चिम एसिया क्षेत्रमा युद्धको अवस्था झन् गम्भीर र जटिल बन्दै गएको छ। यस सङ्घर्षका क्रममा निरन्तर हवाई आक्रमण, प्रतिआक्रमण र सैन्य गतिविधि भिडन्तको परिणाम मानिन्छ। साथै, इरानले कुवेतमा गरेको आक्रमणका कारण ६ जना सैनिकको ज्यान गएको छ, जसले युद्धको प्रभाव अन्य देशसम्म फैलिएको देखाउँछ। अर्को एक सैनिक साउदी अरेबियामा घाइते भएपछि पछि मृत्यु भएको जानकारी पनि दिइएको छ। यी



बढ्दै गइरहेका छन्, जसले क्षेत्रीय सुरक्षा अवस्था कमजोर बनाएको छ।

पेन्टागनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार अप्रिल ३ सम्म आइपुग्दा कुल ३६५ अमेरिकी सैनिक घाइते भएका छन्, जसले युद्धको तीव्रता र यसको असर स्पष्ट रूपमा देखाउँछ। त्यसैगरी ६३ जना नौसेनाका, १९ जना समुद्री सुरक्षा बलका र ३६ जना वायुसेनाका सदस्य घाइते भएका छन्, जसले युद्ध विभिन्न सैन्य क्षेत्रमा फैलिएको देखाउँछ।

यसैबिच, मृत्यु हुने अमेरिकी सैनिकको संख्या १३ पुगेको पुष्टि गरिएको छ। तीमध्ये ७ जना प्रत्यक्ष शत्रुतापूर्ण कारबाहीका क्रममा मारिएका हुन्, जुन युद्धको अग्रपंक्तिमा भएको घटनाहरूले युद्ध केवल एक देशभित्र सीमित नभई क्षेत्रीय स्तरमा फैलिँदै गएको सङ्केत गर्छन्।

यद्यपि, शुक्रबार इरानी सेनाले गरेको आक्रमणमा केही अमेरिकी युद्धक विमानहरू खसालिएको वा क्षतिग्रस्त भएको भनिए पनि ती विमानमा रहेका चालक दलका सदस्यहरू यो घाइते वा मृतकको तथ्यांकमा समावेश छन् वा छैनन् भन्ने अझै स्पष्ट गरिएको छैन।

यस कारण वास्तविक क्षति अझै पूर्ण रूपमा खुल्न बाँकी रहेको देखिन्छ। समग्रमा, यो युद्धले मानवीय, सैन्य र भूराजनीतिक रूपमा ठूलो प्रभाव पारिरहेको छ र आगामी दिनहरूमा यसको अवस्था अझै जटिल हुन सक्ने अनुमान गरिएको छ। रासस




विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर



*पेट्रोलियम मूल्यवृद्धिविरुद्ध माइतीघरमा प्रदर्शन : पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा शनिबार माइतीघर मण्डलामा प्रदर्शन गरिएको छ । राष्ट्रिय जेनजी नागरिक अभियान र कुशासन विरुद्धको महाअभियानको आयोजनामा भएको प्रदर्शनमा सहभागीहरूले पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले आम नागरिकको दैनिक जनजीवन कष्टकर बन्दै गएको बताएका छन् । उनीहरूले मूल्य समायोजन गरी उपभोक्तालाई राहत दिन र हालको मूल्यवृद्धि घटाउन सरकारसँग माग गरेका छन् । प्रदर्शनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरिएको आयोजकहरूले जनाएका छन् ।*

# मधेशलाई पूर्ण साक्षर बनाउन बजेट माग

दैनिक समाचारदाता
सप्तरी, २१ चैत । सप्तरी निर्वाचन क्षेत्र नम्बर १ की प्रतिनिधिसभा सदस्य पुष्पा कुमारी चौधरीले मधेश प्रदेशलाई पूर्ण साक्षर घोषणा गर्न आवश्यक बजेट विनियोजन गर्न सरकारसँग माग गर्नुभएको छ । उहाँले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेललाई पत्रमार्फत मधेश प्रदेश अझै पूर्ण साक्षर घोषणा हुन नसकेकोप्रति ध्यानाकर्षण गराउँदै आवश्यक बजेटको व्यवस्था गर्न आग्रह गर्नुभएको हो । पत्रमा नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले उक्त अधिकार कार्यान्वयनका लागि कानुनी आधार प्रदान गरेको उल्लेख गरिएको छ । संघीय संरचना कार्यान्वयनपछि पूर्वका अनौपचारिक शिक्षा केन्द्रहरू खारेज भई हाल शिक्षा तथा मानव



स्रोत विकास केन्द्रअन्तर्गत अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा तथा सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन भइरहेको पनि पत्रमा जनाइएको छ ।

हालसम्म देशका ६ प्रदेश पूर्ण साक्षर घोषणा भइसके पनि मधेश प्रदेश अझै उक्त सूचीमा समावेश हुन नसकेको उल्लेख गर्दै सांसद चौधरीले आवश्यक बजेट विनियोजन गरी पूर्ण साक्षर घोषणा सुनिश्चित गर्न सरकारसँग आग्रह गर्नुभएको छ । उहाँले समयमै स्रोत-साधन उपलब्ध गराइए मधेश प्रदेशलाई पनि छिट्टै पूर्ण साक्षर घोषणा गर्न सकिने विश्वास व्यक्त गर्नुभएको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# लामिछाने-शाही भेट, सहकार्यको छलफल

दैनिक समाचारदाता
काठमाडौं, २१ चैत । रास्वपाका सभापति रवि लामिछाने र राप्रपा



संसदीय दलका नेता ज्ञानेन्द्र शाहीबीच भेटवार्ता भएको छ ।

लामिछानेको निवासमा करिब एक घण्टा भएको भेटमा समसामयिक राजनीतिक विषयमा कुराकानी भएको जनाइएको छ । भेटका क्रममा प्रतिनिधिसभाको उपसभामुख पदका लागि सम्भावित सहकार्य, संसदभित्रको रणनीति तथा आगामी राजनीतिक दिशाबारे छलफल भएको स्रोतले जनाएको छ ।

# सिरहामा एसईई कडाइ, ६ निष्कासित

दैनिक समाचारदाता
सिरहा, २१ चैत । माध्यमिक शिक्षा परीक्षा (एसईई) अन्तर्गत नेपाली विषयको दोस्रो दिनको परीक्षामा अनुगमन गर्दै प्रशासनले सिरहामा कडाइ गरेको छ ।

शुक्रबार गरिएको अनुगमनका क्रममा जिल्लाका ९ वटा परीक्षा केन्द्रबाट १९४ मोबाइल फोन र २ थान स्मार्ट वाच बरामद गरिएको शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ ।

परीक्षा मर्यादा उल्लंघन भएको पाइएपछि मोबाइलसहित भेटिएका २ जना केन्द्राध्यक्ष र अन्य ४ जना निरीक्षकलाई निष्कासन गरिएको छ ।

निष्कासित हुनेमा बालमन्दिर माध्यमिक विद्यालयका केन्द्राध्यक्ष संजय यादव र जनता माध्यमिक विद्यालय फुलबरियाका केन्द्राध्यक्ष रामकिशोर यादव रहेका छन् ।

इकाइ प्रमुख दीपक राज कनौलीका अनुसार प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको



नेतृत्वमा खटिएको अनुगमन टोलीले परीक्षा अमर्यादित बनाउने प्रयास देखेपछि तत्काल कारबाही गरेको हो ।

विगतमा सिरहाका परीक्षा केन्द्रहरूमा सेटिङ, प्रभाव र विचौलियाको सक्रियता देखिँदै आएको थियो, जसले परीक्षा प्रणालीको विश्वसनीयतामाथि प्रश्न उठाएको थियो । यस वर्ष त्यस्ता गतिविधि दोहोरिन नदिन कडाइका साथ निगरानी बढाइएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जनाइएको छ ।

यस वर्ष सिरहाबाट कुल ११ हजार ३७ विद्यार्थी एसईई परीक्षामा सहभागी भएका छन्, जसमा १० हजार ६२५ जना साधारण र ४१२ जना प्राविधिक धारका छन् । परीक्षार्थीमध्ये ५ हजार ३०८ छात्रा र ५ हजार ७२९ छात्र रहेका छन् । जिल्लामा ५१ वटा परीक्षा केन्द्र तोकिएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार एसईई परीक्षा चैत १९ देखि २९ गतेसम्म बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन भइरहेको छ ।

# कोइराला भन्छन्-म पार्टीको कुनै समूहमा छैन

दैनिक समाचारदाता
काठमाडौं, २१ चैत । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले आफू पार्टीको कुनै पनि समूहमा नरहेको स्पष्ट पारेका छन् ।

संस्थापनइतर समूहमा रहेको समाचार संप्रेषण भइरहेका बेला उनले सामाजिक सञ्जालमा आफूलाई कुनै पक्षसँग जोडेर प्रचार गरिएकोमा आपत्ति जनाएका हुन् ।

शनिबार काठमाडौंमा आयोजित विपी स्मृति सामुदायिक सहकारी अस्पतालको वार्षिक साधारण सभामा बोल्दै नेता कोइरालाले कांग्रेसलाई एकढिक्का बनाएर आगामी निर्वाचनमा पहिलो राजनीतिक शक्ति बनाउने आफ्नो लक्ष्य रहेको बताए ।

उनले भने, "नेपाली कांग्रेसलाई एक ठाउँमा ल्याउनका लागि म अन्त्यसम्म प्रयास गर्नेछु। म कुनै यो समूहमा, त्यो समूहमा छैन।"

त्यस अवसरमा उनले अस्पताललाई प्रभावकारी रूपमा सञ्चालन गर्न अवकाशप्राप्त



चिकित्सकहरुको योगदान महत्वपूर्ण रहेको पनि औंल्याए।









'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४